नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन नं. ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- २०८०।८१
चलानी नं.:- 654

मिति २०८०।०६।१२

विषय: परिपत्र सम्बन्धमा ।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्याल/प्रदेश/स्थानीय तह (सबै) ।

उपर्युक्त विषयमा यस मन्त्रालयको प.सं. २०७९।८० च.नं. १७८३ मिति २०८०।१।२७ गतेको पत्र प्राप्त गुर्नुभएकै होला । सोही सन्दर्भमा यस मन्त्रालय लगायत सबै मन्त्रालयहरुबाट विभिन्न मितिमा निजामती सेवा ऐन, २०४९ को दफा १५ को उपदफा (१) बमोजिम पदस्थापन गरिएका, दफा १८ को उपदफा (१) बमोजिम सरुवा गरिएका, दफा १८क. बमोजिम काज खटाइएका तथा काज फिर्ता गरिएका, कर्मचारी समायोजन ऐन, २०७५ को दफा ९ को उपदफा (९) र दफा ११ को उपदफा (२) बमोजिम कामकाज गर्न खटाइएका तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (४) बमोजिम स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न खटाइएका संघीय निजामती कर्मचारीहरु प्रचलित कानून बमोजिम सरुवा/पदस्थापन/कामकाज/काजमा खटाइएका र काज फिर्ता गरिएका निकाय/कार्यालयमा रमाना भई जानुपर्नेमा हालसम्म पनि रमाना नलिएका कारण सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष असर परेको हुँदा तत् तत् कर्मचारीहरुलाई निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना दिई ७ (सात) दिनभित्र यस मन्त्रालयमा जानकारी गराउनु हुन माननीय मन्त्रीस्तरको मिति २०८०।०६।१२ को निर्णयानुसार अनुरोध छ ।

२०८०।०६।१२
(जयराम गजुरेल)
शाखा अधिकृत